# जैविक तथा वानस्पतिक विषादीको प्रयोग तथा विस्तार कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# जैविक तथा वानस्पतिक विषादीको प्रयोग तथा विस्तार कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०१ को निर्णयबाट स्वीकृत)

पृष्ठभुमीः

बाली विरुवाहरु उत्पादन र उत्पादन उपरान्त अनेकन रोग कीरा लगायतका शत्रुजीवहरुले आक्रमण गरेर उल्लेख्य क्षति पुर्याउने गरेको छ ।बालीनालीका शत्रुजीवहरुबाट हुने क्षति व्यवस्थापन गर्न, मानव स्वास्थ्य, पशु स्वास्थ्यमा असर गर्ने घरेलु कीराहरु नियन्त्रण गर्न रासायनिक बिषादीहरुको प्रयोग गर्ने गरिन्छ। रासायनिक विषादीको प्रयोगले मानव स्वास्थ्य, जीवजन्तु र वातावरणमा अल्पकालिन र दीर्घकालिन रुपमा विभिन्न नकारात्मक असर पार्दछ । रासायनिक विषादीको बिकल्पमा जैबिक र वानस्पतिक विषादीको उत्पादन र प्रयोग गरेमा मानव स्वस्थ्य, जीवजन्तु र वातावरणमा कम असर पर्छ यद्यपि तीनको उपलव्धता सुलभ रुपमा हुन नसकी रहेको अवस्था छ।अतः बाली संरक्षणमा प्रभावकारी र वातावरण मैत्री प्रविधिहरुको बिकास गरी त्यस्ता प्रविधिको अवलम्वनमा नीजि क्षेत्रलाई प्रेरित गरेर सुरक्षित जैविक तथा वानस्पतिक विषादीको उपलव्धता र प्रयोग बृद्धि गर्दा दिगो र असल कृषि अभ्यासमा टेवा पुग्दछ । जैविक तथा वानस्पतिक विपादीको महत्वलाई मध्यनजर गर्दै स्थानीय स्तरमा जैविक र वानस्पतिक विषादी प्रयोग तथा विस्तार मार्फत स्वस्थ्य उत्पादन तथा असल कृषि अभ्यासलाई टेवा पुर्याउन प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत **जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम** कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट **"जैविक तथा** वानस्पतिक विषादी प्रयोग तथा विस्तार कार्यविधि, २०७५" तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "जैविक तथा वानस्पतिक विषादी प्रयोग तथा विस्तार कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा:-

(१) "जैविक तथा बानस्पतिक विपादी" भन्नाले विभिन्न वालीहरुमा लाग्ने शत्रुजीव आकर्पण गर्न, भगाउन तथा मार्न प्रयोग गरिने वानस्पतिक तथा जैविक श्रोतबाट उत्पादित तरल, ग्याँस वा ठोस पदार्थलाई जनाउँछ।

(२) "झोलमल" भन्नाले विरुवालाई आवस्यक पर्ने पोपक तत्व प्रदान गर्ने तथा वालीहरुमा लाग्ने शत्रुजीव आकर्पण गर्न, भगाउन तथा मार्न प्राणी वा वनस्पती जन्य पदार्थलाइ कुहाएर प्राकृतिक



सचिव

रुपमा निस्सारण (निचोरेर वा थिचेर, extraction गरेर) वा सुख्खा प्रागांरीक पदार्थमा पानी मिसाइ निस्सारण गरी तयार गरिएको र कुनै पनि प्रकारको अप्रागांरीक वस्तुहरु मिसावट नभएको झोल पदार्थलाइ जनाउछ ।

(३) "कृषक सहजकर्ता" भन्नाले बाली अवधिभर एकिकृत शत्रुजीव व्यवस्थापन कृषक पाठशाला तालिम प्राप्त कृषक, जसले कृषक पाठशाला सञ्चालन गरेको वा गर्न सक्ने भन्ने वुझिन्छ ।

(४) "कृषि प्राविधिक" भन्नाले" कृषि प्राविधिकको रुपमा काम गरेको व्यक्ति वा कृषि विषयमा औपचारीक रुपमा अध्ययन गरेको व्यक्ति वुझिन्छ।

३. उद्देश्यः यो कार्यविधिको उद्धेश्य निम्नानुसार रहेको छः

(१) बिषादीको सुरक्षित प्रयोगमा समुदायलाई अग्रसर गराउनु ।

(२) जैविक तथा बानस्पतिक बिषादीको उत्पादनमा स्थानीय रुपमा उपलव्ध हुने स्रोत साधनहरुको प्रयोग गरी दिगो कृषिको प्रवर्द्धन गर्नु ।

(३) स्थानीय स्तरमा जैविक तथा बानस्पतिक बिषादीको उपलव्धता वृद्धि गर्नु ।

## परिच्छेद - २

## कार्यक्रम सञ्चालन प्रकृया

४. यस कार्यक्रम अन्तर्गत देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिने छ

(१) जिल्लामा कार्यरत बाली संरक्षण विषयसँग सम्बन्धित कृषि प्राविधिकले एकीकृत शत्रुजिव व्यवस्थापन कृषक पाठशाला कृषक सहजकर्ताको समन्वयमा वाली विशेष पकेट क्षेत्रलाई ध्यान दिदै रसायनिक विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्र तथा बाली, एकीकृत शत्रुजिव व्यवस्थापन तथा प्राङ्गारीक कृषि तर्फ आकर्षित क्षेत्र तथा समुह/सहकारीलाई जैविक तथा वानस्पतिक विषादी प्रयोग तथा विस्तार कार्यक्रम कार्यन्वयनका लागि छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न सम्वन्धित ज्ञान केन्द्रको विशेषज्ञ सेवा शाखामा कार्यरत बाली संरक्षण अधिकृतको संयोजकत्वमा एकीकृत शत्रुजिव व्यवस्थापन कृषक पाठशाला कृषक सहजकर्ता सहितको ३ सदस्यीय एक जैविक तथा वानस्पतिक विषादी प्रयोग तथा विस्तार प्राविधिक समिति हुनेछ ।

(३) जैविक तथा वानस्पतिक विपादीको प्रयोग तथा विस्तार कार्यक्रमको सञ्चालन कृषि ज्ञान केन्द्रबाट हुनेछ र कृषि सहकारी/कृषक समुह/एकिकृत शत्रुजीव व्यवस्थापन कृषक सहजकर्ता यसका लाभग्राही हुनेछन ।

(४) सम्बन्धित कृषि ज्ञान केन्द्रको विशेषज्ञ सेवा शाखामा कार्यरत बाली संरक्षण अधिकृत वा बाली संरक्षण अधिकृत नभएको अवस्थामा प्रमुखले तोकेको अन्य अधिकृत वा कर्मचारीले यस कार्यक्रमको संयोजकको रुपमा काम गर्नेछ ।

प्रमुख सचिव

(५) यस कार्यक्रम अन्तर्गत छनौट भएका क्षेत्र, समूह/सहकारीमा तपसिल बमोजिमको क्रियाकलापहरु संचालन गर्न सकिनेछ । उपदफा (२) बमोजिमको समितिले कार्यक्रम संचालन गर्ने क्षेत्र, बाली तथा समूह/सहकारी छनौटका अलवा उक्त स्थानमा संचालन हुने क्रियाकलाप वा क्रियाकलापको प्याकेज छनौट गर्न सक्नेछ ।

(६) छनौट भएका समूह/सहकारीमा संचालन गर्न सकिने क्रियाकलापहरु

| क.सं. | क्रियाकलापको विवरण | क्रियाकलाप संचालन प्रक्रिया तथा न्यूनतम मापदण्ड |
|---|---|---|
| १ | जैविक तथा बानस्पतिक विषादी परिचय, विषादीको सुरक्षित प्रयोग सम्बन्धी सचेतना गोष्ठी | बाली संरक्षण अधिकृत/ प्रा.स/ आई पि एम कृपक सहजकर्ताको संलग्नतामा समूह/सहकारी/समुदायमा संचालन गर्ने |
| २ | झोल मल बनाउने तालिम (१ दिने ) | प्रति समूह/सहकारी/क्षेत्र २५ कृषक छनौट गरी संचालन गर्ने । |
| ३ | झोल मल बनाउने सामाग्रीमा शत प्रतिशत अनुदान | प्रति समूह/सहकारी/क्षेत्र २५ कृषक छनौट गरी वितरण गर्ने । |
| ४ | जैविक विषादी प्रयोग प्रदर्शन | उच्च पहाड तथा पहाडमा न्युनतम २ रोपनी तथा तराईमा ४ कट्ठा । |
| ५ | झोल मल प्रयोग प्रदर्शन | उच्च पहाड तथा पहाडमा न्युनतम २ रोपनी तथा तराईमा ४ कट्ठा । |
| ६ | सुरक्षित विषादी प्रयोग उपकरण वितरण (सेटः स्प्रेयर, मास्क, चस्मा, वुट, ग्लोव्स, एप्रोन आदि) | प्रति समूह/सहकारी/क्षेत्र ५ सेट सुरक्षित विषादी प्रयोग उपकरण वितरण गर्ने। |
| ७ | ७५% अनुदानमा जैविक विषादी वितरण | प्राङ्गारिक खेती उन्मुख क्षेत्र, समूह/ सहकारी / समुदाय लाई मात्र। |

(७) उपदफा २ बमोजिमको समितिले कार्यक्रम क्रियाकलापको प्याकेज तय गर्दा दफा ४ उपदफा (६) को तालिकामा उल्लेखित कम्तिमा ४ क्रियाकलाप प्रति समूह/सहकारी/क्षेत्र अनिवार्य रुपमा संचालन गर्नु पर्नेछ ।

(८) बाली संरक्षण अधिकृत वा बाली संरक्षण अधिकृत नभएको अवस्थामा प्रमुखले तोकेको अन्य अधिकृत वा कर्मचारीले कार्यविधिको दफा ५ बमोजिमको उल्लेखित मापदण्डको आधारमा

सचिव प्रमुख सचिव

क्रियाकलापको प्याकेजको लागत तयार गरी कृषि ज्ञान केन्द्र प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

(९) कार्यक्रमको कार्यन्वयनमा एकिकृत शत्रुजीव व्यवस्थापन कृषक पाठशाला कृषक सहजकर्ता संलग्न भएको हकमा सहजकर्तालि पाउने सेवा सुविधा प्रचलित भ्रमण खर्च नियामावली अनुसार हुने छ तथा ज्ञान केन्द्रले एकीकृत शत्रुजिव व्यवस्थापन कृषक पाठशाला कृषक सहजकर्ताहरुसँग कार्यक्रम संचालनका सेवा तथा शर्त उल्लेख गरी करारनामा गर्न सक्नेछ ।

## परिच्छेद - ३

## कार्यक्रमको आर्थिक पक्ष

५. खर्चको मापदण्ड

| क.सं. | क्रियाकलापको विवरण | आर्थिक पक्ष |
|---|---|---|
| १ | जैविक तथा बानस्पतिक विषादी परिचय, विषादीको सुरक्षित प्रयोग सम्बन्धी एक दिने सचेतना गोष्ठि | कक्षा संचालन रु ५००, कार्यपत्र रु ७००, खाजा प्रति व्यक्ति प्रति दिन रु १००, मसलन्द प्रति व्यक्ति रु १००, विविध रु १००० प्रति तालिम। |
| २ | झोल मल बनाउने तालिम (१ दिने ) | • कक्षा संचालन रु ५००, कार्यपत्र रु. ७००, खाजा प्रति व्यक्ति प्रति दिन रु १००, मसलन्द प्रति व्यक्ति रु १००, विविध रु १००० प्रति तालिम । |
| ३ | झोल मल बनाउने सामाग्रीमा शत प्रतिशत अनुदान | • झोल मल बनाउने सामाग्री स्थानीय दररेट अनुसार । |
| ४ | जैविक विपादी प्रयोग प्रदर्शन | • तोकिएको क्षेत्रफलमा प्रदर्शन गर्न स्थानिय दररेट अनुसार शत प्रतिशत अनुदानमा बीउ, मल तथा जैविक विपादी वितरण ।<br>• होर्डिङ्ग बोर्ड रु ५००/० |
| ५ | झोल मल प्रयोग प्रदर्शन | • तोकिएको क्षेत्रफलमा प्रदर्शन गर्न स्थानिय दररेट अनुसार शत प्रतिशत अनुदानमा बीउ, मल तथा जैविक विषादी, झोलमल वितरण ।<br>• होर्डिङ्ग बोर्ड रु ५००/० |



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल
प्रमुख सचिव

| क्र.सं. | क्रियाकलापको विवरण | आर्थिक पक्ष |
|---|---|---|
| ६ | सुरक्षित विषादी प्रयोग उपकरण वितरण (सेटः स्प्रेयर, मास्क, चस्मा, बुट, ग्लोव्स, एप्रोन आदि) | स्थानिय दररेट अनुसार ७५ प्रतिशत अनुदान |
| ७ | ७५% अनुदानमा जैविक विषादी वितरण | स्थानिय दररेट अनुसार ७५ प्रतिशत अनुदान । |

## परिच्छेद ४
## अनुगमन तथा विविध

६. अनुगमन तथा मूल्यांकनः

(१) निर्देशनालय वा ज्ञान केन्द्रले सम्बन्धित स्थानिय तह र मन्त्रालयको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

७. प्रगति प्रतिवेदन पठाउनु पर्ने :

(१) कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा कृषि विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ।

८. आर्थिक प्रशासन सेवा

(१) कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

९. प्रचलित कानून लागु हुने

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।



सचिव

प्रमुख सचिव